जब दुई मुसलमानहरू एकअर्काको विरुद्ध तरवार उठाएर खडा हुन्छन्, हत्यारा र पीडित दुवै नरकको भागीदार हुनेछन्

अबू-बकरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जब दुई मुसलमानहरू एकअर्काको
विरुद्ध तरवार उठाएर खडा हुन्छन्, हत्यारा र पीडित दुवै नरकको भागीदार हुनेछन्।"
मैले प्रश्न गरेँ, "हे अल्लाहका रसूल! एक व्यक्ति हत्यारा भएकाले नरकमा गयो तर
पीडितको के दोष?" तब नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, "उसको मनसाय पनि त हत्या गर्नु नै थियो।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ, जब दुई मुस्लिम हातमा तरवार लिएर लड्छन् र एक अर्काको ज्यान लिन चाहन्छन्, त्यस अवस्थामा हत्यारा आफ्नो साथीको हत्याको कारण नरकमा जान्छ । तर मृतक पनि किन नरकमा जान्छ?" यो कुरा सहाबाहरूले स्पष्ट रूपमा बुझ्न सकेनन्, त्यसैले उहाँसामु जिज्ञासा राखे। त्यसको उत्तरमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, ऊ पनि नरकमा जान्छ, किनभने उसले पनि अर्को व्यक्तिलाई मार्ने इच्छा राखेको थियो, तर आफ्नो उद्देश्यमा सफल हुन सकेन, किनभने उसको प्रतिद्वन्द्वीले उसलाई पहिले नै मार दियो ।

https://sunnah.global/hadeeth/ne/show/4304